स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

---

# स्थानीय राजपत्र

---

**खण्डः ०६ संख्याः २१ मितिः २०७९।१०।१०**

---

## भाग-१

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

---

नेपालको संविधानको धारा २२६ को उपधारा ९१० बमोजिम मिति २०७९।१०।०६ गते विरुवा गाउँपालिकाको १२ औं गाउँसभाले बनाएको **"गाँउपालिकाको प्रशासकीय कार्यविधी ( नियमित गर्ने)** ऐन, २०७९" सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकारक्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधी नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विरुवागाउपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम **गाँउपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले विरुवा गाउपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले विरुवा गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउपालिका” भन्नाले विरुवा गाउपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउसभा सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधी नियमित गर्नका लागि विरुवा गाउ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाईने छ ।

**४. निर्देशिका, कार्यविधी र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधीनमा रही यस गाउ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधी र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले

अनन्तराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत